भविष्यमा जब म अनुत्तर सम्यक् सम्बोधि लाभ गरी बुद्ध हुनेछु, त्यसबेला आफ्नो शरीरले अगणित परिमाणका लोकधातुहरू देदिप्यमान हुने गरी प्रकाश फैलाउनेछु। सबैलाई सन्तुष्ट पार्नेछु। म ३२ लक्षण र ८० अनुव्यञ्जनले युक्त हुनेछु। यसै गरी सबै सत्त्वहरूले पनि यस्तै प्रकारले अलंकृत भएको देह प्राप्त गर्न सकून्।

द्वितीय महाप्रणिधान :–

भविष्यमा जब म अनुत्तर सम्यक् सम्बोधि लाभ गरी अभिसंबुद्ध हुनेछु, त्यसबेला बोधि प्राप्त गरेको मेरो शरीर अमूल्य वैदूर्यमणि झैं भित्र बाहिर अत्यन्त परिशुद्ध प्रभाले युक्त होस्। त्यो विशाल शरीर कल्याणमय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेजले शोभायमान भइरहोस्। ती किरणका ज्योतिर्मय जालोहरू चन्द्र र सूर्यको प्रकाशभन्दा पनि तेजिला होउन्। नरक लोकमा जन्मेका प्राणीहरू र यस संसारमा जन्मेका पुरुषहरूले रातको अन्धकारमा घुमिरहेको बेलामा पनि सबै दिशामा मेरो प्रकाशको प्रभावले कुशल कर्म गरिरहुन्।

तेश्रो महाप्रणिधान :–

भविष्यमा जब म अनुत्तर सम्यक् सम्बोधि लाभ गरी अभिसंबुद्ध हुनेछु, त्यसबेला मेरो अप्रमेय प्रज्ञोपाययुक्त बलले असंख्य सत्त्वधातुका प्राणीहरूको उपभोग्यवस्तु कहिल्यै नसकिउन्। सबै प्राणीलाई कुनैपनि वस्तुको अभाव नहोस्।

चौथो महाप्रणिधान :–

भविष्यमा जब म अनुत्तर सम्यक् सम्बोधि लाभ गरी बुद्ध हुनेछु, त्यसबेला कुमार्गमा, श्रावक मार्गमा तथा प्रत्येकबुद्ध मार्गमा प्रवेश गरेका प्राणीहरूलाई अनुत्तर सम्यक् सम्बोधि मार्गमा लाग्नका लागि प्रेरित गर्नेछु।

पाँचौं महाप्रणिधान :–

भविष्यमा जब म अनुत्तर सम्यक् सम्बोधि लाभ गरी अभिसंबुद्ध हुनेछु, त्यसबेला मेरो शासनमा प्राणीहरूले ब्रह्मचर्य पालन गर्नेछन्। तिनीहरू सबैले राम्रो आचरणपूर्वक अखण्ड शील पालन गर्नेछन्। कोही पनि शील विपन्न हुनेछैनन्। मेरो नाम सुनेर कोहीपनि दुर्गतिमा जाने छैनन्।

छैठौं महाप्रणिधान :–

भविष्यमा जब म अनुत्तर सम्यक् सम्बोधि लाभ गरी अभिसंबुद्ध हुनेछु, त्यसबेला अंगभंग भएका, नराम्रो वर्ण भएका, लाटो, बांगो शरीर भएका,

CC-0. Nepal Sanskrit Academy Kathmandu Collection

महारोगी, कुष्ठरोगी, अपांग, अन्धा, बहिरा, बहुलाहा र नाना प्रकारका रोग लागेका सबै सत्त्वहरू मेरो नाम सुनेर सम्पूर्ण इन्द्रियले परिपूर्ण एवं स्वास्थ्य लाभ गरी निरोगी होउन् ।

सातौं महाप्रणिधान :–

भविष्यमा जब म अनुत्तर सम्यक् सम्बोधि लाभ गरी अभिसंबुद्ध हुनेछु, त्यसबेला अनेक रोगले पीडित भएका, कतैबाट रक्षा नपाएका, शरण नपाएका, औषधीमूलो उपचार नपाएका, अनाथ दरीद्र दुःखितहरू छन् भने यस्ता प्राणीहरूले मेरो नाम सुन्न पाउन् । तिनीहरूले जबसम्म बोधि प्राप्त गर्दैनन् तवसम्म तिनीहरूलाई कुनैपनि रोगहरू नलागोस् र उपद्रव नहोस् साथै रोग लागेको भए तापनि चाँडै निको होस् ।

आठौं महाप्रणिधान :–

भविष्यमा जब म अनुत्तर सम्यक् सम्बोधि लाभ गरी अभिसंबुद्ध हुनेछु, त्यसबेला मातृत्व ग्रहण गर्ने स्त्रीहरूले नारी शरीर धारण गरेको कारणले सयौं दुःख र पीडा भोगिराखेका हुन्छन् ।

यसरी स्त्री भएको कारण भोग्नुपर्ने सबै दुःखहरूबाट उनीहरू वाक्क हुन्छन् त्यसैले आफ्नो स्त्री रूप त्याग्न चाहन्छन् । ती स्त्रीभावको दोषबाट मुक्त हुन चाहनेहरूले मेरो नाम सुनुन्, त्यसलाई भित्री हृदयले पाठ गर्दै धारण गरुन् । बोधि प्राप्त नगरुञ्जेल उनीहरू स्त्री दोषबाट मुक्त हुनेछन् ।

नवौं महाप्रणिधान :–

भविष्यमा जब म अनुत्तर सम्यक् सम्बोधि लाभ गरी अभिसंबुद्ध हुनेछु, त्यसबेला मारको पाशोमा बाँधिएका, विभिन्न मिथ्यादृष्टिले युक्त भएका,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्यक् ज्ञान नभएर दु:ख पाएका सबै प्राणीहरूलाई सम्यक दृष्टिले युक्त पारी क्रमिकरूपले बोधिचर्यामा लगाउन सकूँ।

दशौं महाप्रणिधान :–

भविष्यमा जब म अनुत्तर सम्यक् सम्बोधि लाभ गरी अभिसंबुद्ध हुनेछु, त्यसबेला राजाको आज्ञाले कैद गरी लगेर बन्धनागारमा थुनिएका बन्दीहरू, मोहले किँकर्तव्यविमूढ भएकाहरू, कायिक, वाचिक र मानसिक दु:खले छटपटिएका सत्त्वहरू जब मेरो नाम सुन्नेछन् वा स्मरण गर्नेछन्, त्यो पुण्यले सम्पूर्ण उपद्रव तथा दु:खबाट मुक्त होउन् ।

एघारौं महाप्रणिधान :–

भविष्यमा जब म अनुत्तर सम्यक् सम्बोधि लाभ गरी अभिसंबुद्ध हुनेछु, त्यसबेला भोकले तड्पिएका, खाने, पिउने र लाउने काममा मात्र निर्लिप्त भएका, धर्मको ख्याल नभएका प्राणीहरूले ती उद्देश्यका लागि पाप कमाउदै लग्छन् । त्यस्ता प्राणीहरूले मेरो नाम धारण गरुन् । तिनीहरूलाई म राम्रो रुचिकर सुवासित रसले युक्त भोजन दिन सकूँ र उनीहरूको शरीरलाई पुष्ट पारी सन्तुष्ट गर्न सकूँ।

बाह्रौं महाप्रणिधान :–

भविष्यमा जब म अनुत्तर सम्यक् सम्बोधि लाभ गरी अभिसंबुद्ध हुनेछु, त्यसबेला बस्ने घर नपाएका दरीद्रहरू, चिसो तातोको दु:ख सहन नसकेका पीडितहरू, लामखुट्टेको टोकाईले रातदिन सताईएकाहरूले मेरो नाम संझून् र मनमा धारण गरुन् । म तिनीहरूलाई रंगीन वस्त्र, हीरा-मोतिका माला र गहनाहरू दिन सकूँ। सुगन्धित फूलमाला, श्रीखण्ड र बाजा गाजा इत्यादि जे जे चाहिएका हुन् सबै कुरा परिपूर्ण गर्न सकूँ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हे मञ्जुश्री ! यस्ता बाह्र प्रकारका महाप्रणिधानहरू गरेर भगवान् भैषज्यगुरु वैदूर्यप्रभ तथागत अर्हत् सम्यक्सम्बुद्धले पूर्व जन्ममा बोधिचर्या-मा लाग्नुभएको थियो ।

हे मञ्जुश्री ! भगवान् भैषज्यगुरु वैदूर्यप्रभ तथागतले प्रणिधान गरेको बुद्धक्षेत्रका गुणव्यूहका बारेमा कल्पौं कल्प समयसम्म वर्णन गर्दा पनि सकिन्न । त्यो बुद्धक्षेत्र अत्यन्तै परिशुद्ध छ । त्यहाँ पत्थर, बालुवा र कंकडयुक्त भूमि छैन । कामदोष, दुर्गतिका दुःखपूर्ण क्रन्दन शब्दहरू, स्त्री जातिका दोषहरूबाट मुक्त छ। वैदूर्यमणिले युक्त यस महापृथिवीलाई चारै तर्फबाट पर्खालले घेरिएको छ। तोरणद्वार, झ्याल ढोकाहरू सप्त-रत्नले अलंकृत पारी सजाइएका छन् । पश्चिम दिशाको सुखावती लोकधातु जस्तै सप्तरत्नको अलंकारले यो बुद्धक्षेत्र पनि शोभायमान छ।

त्यो वैदूर्यनिर्भास लोकधातुमा दुई जना बोधिसत्त्व महासत्त्व छन्। यी दुईजना बोधिसत्त्वहरू त्यहाँ भएका असंख्य बोधिसत्त्वहरूमा प्रमुख हुन्। सूर्य वैरोचन तथा चन्द्र वैरोचन नाम गरेका यी दुई बोधिसत्त्व महासत्त्व भगवान् भैषज्य गुरु वैदूर्यप्रभ तथागतको सद्धर्म ज्ञानकोश धारण गर्ने उत्तराधिकारी हुन्। त्यसकारण, हे मञ्जुश्री, त्यस बुद्धक्षेत्रमा उत्पन्न हुन चाहने कुलपुत्र वा कुलपुत्रीले पूर्वोक्त प्रणिधान गर्नुपर्छ।

भगवान बुद्धले फेरि मञ्जुश्री कुमारभूतलाई सम्बोधन गर्दै भन्नुभयो, "हे मञ्जुश्री ! यस्ता पृथकजन प्राणीहरू पनि हुन्छन् जसलाई कुशल र अकुशल कर्मका बारेमा केही थाहा छैन । तिनीहरू लोभी भएर दान गर्दैनन् र त्यसैले तिनीहरूलाई दान दिनुको महाफल पनि थाहा हुँदैन। श्रद्धेन्द्रिय बाङ्गो भएका ती बालकसमान मूर्खहरू यथासंभव ज्यादा धनसम्पत्ति जोड्ने तथा संरक्षण गर्ने कार्यतिर लाग्छन् । दान लिन आउनेहरूलाई भेट्नुपर्दा उनीहरू दिक्क मान्छन्। दान गर्नु पर्दा आफ्नै शरीरको मासु काटेर दिए जस्तो दुःखको अनुभव गर्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फेरि धेरैजसो प्राणीहरू त्यस्ता पनि हुन्छन् जो यति कन्जुस हुन्छन् कि धनसम्पत्ति कमाउनमा मात्र लागेर पहिले माता, पिता, स्वास्नी, छोरा-छोरीहरू तथा आफ्नो काम गर्ने दास दासीहरूलाई त दान दिदै दिन्नन् तर त्यही धनसम्पत्ति आफूले पनि भोग गर्दैनन् । ती प्राणीहरू यो लोकबाट च्यूत भई प्रेतलोकमा वा तिर्यकलोकमा जन्म लिन पुग्छन् ।

यस्ता प्रेतलोक, तिर्यक लोक, यमलोकमा उत्पन्न भएका प्राणीहरूले आफ्नो अघिल्लो मनुष्य जन्ममा भगवान् भैषज्य गुरु वैदूर्यप्रभको नाम सुनेका कारणले यस दुर्गतिमा पनि भैषज्य गुरु वैदूर्यप्रभ तथागतको नाम स्मरण गर्न सक्दछन् । त्यसको फलस्वरूप उनीहरू प्रेतलोक, तिर्यकलोकबाट च्यूत भई मनुष्यलोकमा उत्पन्न हुनेछन् । त्यसबेलामा पूर्वजन्मको सम्झना आउने छ र दुर्गतिको दुःखबाट भयभीत भएर कामतृष्णाबाट विरक्तिनेछन् । आफूले दान दिने तथा अरूलाई पनि दान दिने कार्यमा प्रेरित गर्नेछन् । यसपछि उनीहरू कहिल्यैं कन्जुस हुने-छैनन् । धनको त के कुरा, आफ्नै शिर, आँखा, अङ्गप्रत्यङ्ग, मासु आदि पनि चाहिएका व्यक्तिहरूलाई दान दिन सक्नेछन् ।

फेरि हे मञ्जुश्री ! कतिपय प्राणीहरू यस्ता छन् जसले तथागतको शील धारण गर्छन् । तिनीहरू शील, विनय र आचार भ्रष्ट र सम्यक्दृष्टिविहिन हुनसक्दछन् । कथं कदाचित यी सब नहोलान् र शील विग्रेकाहरूले पुनः शीलवान भएर शीलको रक्षा त गर्लान्, तर बहुश्रुत हुने कार्यतिर भने लाग्नेछैनन् जसको फलस्वरूप तिनीहरूले तथागत-द्वारा प्रदत्त गम्भीर उपदेशका अर्थलाई बुझ्नेछैनन् वा बुझ्न सक्नेछैनन् । यदि बहुश्रुत भई हाले तापनि अभिमान वा घमण्डले चूर चूर भएका कारण आफ्नो कुरा मात्र सही र अरूको कुरा गलत भन्ने खालका एकदम हठी स्वभावका हुन्छन् । उनीहरू सधैं अरूको ईष्या गरिरहन्छन् । सद्धर्मलाई अवमूल्यन गरी सदैव आरोप-प्रत्यारोपमा मात्र अल्झिराख्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चन्द्रप्रभ (वैरोचन) बोधिसत्त्व

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूर्यप्रभ (वैरोचन) बोधिसत्त्व

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिनीहरू मारको पक्षमा लाग्छन् । तिनीहरू जस्ता सबै मोहले कुण्ठित भएका प्राणीहरू आफै गलत मार्गमा भौंतारिरहन्छन् । त्यस्तै हजारौं लाखौं करोडौं प्राणीहरू छाँगाबाट खसे झैं तलतिर खसिराखेका हुन्छन्। त्यस्तै प्रकारले नरकरूपी दुर्गतिबासमा निरन्तर परिरहन्छन् । यस्ता प्राणीहरूले अघिल्ला जुनीमा भैषज्यगुरु वैदूर्यप्रभ तथागतको नाम सुनेका भए, नरकमै भएपनि भैषज्य तथागतको मूल प्रणिधानको प्रभावले गर्दा तथागतको नाम स्मरण गरी फेरि मनुष्य लोकमा उत्पन्न हुनेछन् र सम्यक् दृष्टिले युक्त भई वीर्यवान हुनेछन्। त्यसपछि तिनीहरूले आफ्ना घरबाट अभिनिष्क्रमण गरी तथागतको शासनमा प्रव्रजित भएर क्रमिक-रूपले बोधिसत्त्व चर्यालाई पूर्ण गर्ने छन् ।

फेरि, हे मञ्जुश्री ! कतिपय यस्ता प्राणीहरू पनि छन् जसले स्वार्थको वशमा परेर आफ्नै मात्र प्रशंसा गरिरहन्छन् तर अरूलाई भने सधैं गाली गरिरहन्छन् । आत्म प्रशंसा तथा परनिन्दा गर्ने यी प्राणीहरू तीन दुर्गतिहरूमा परी हजारौ वर्षसम्म दुःख भोग्छन् । धेरै दुःख भोगिसकेपछि हजारौ वर्ष पश्चात् त्यहाँबाट च्युत भएर उनीहरू गधा, ऊँट, खच्चर आदि तिर्यक योनिमा उत्पन्न हुन पुग्छन् । त्यस्ता प्राणीले कोर्रा र डण्डाको प्रहारबाट अत्यन्तै दुःख पाउँछन् । फेरि, सधैं असाध्यै गह्रुङ्गा गह्रुङ्गा भारीहरू बोकी कठीन बाटामा अत्यधिक दुःख कष्ट झेली हिड्नु पर्नेछन् । पछि कदाचित् मनुष्य जन्म प्राप्त भई हालेपनि तिनी-हरू नीच कुलमा जन्मिएर दास भएर सधैं अर्काको अधीनमा रही बाँच्नुपर्ने-छन्। यदि तिनीहरूले पहिले मनुष्य जन्ममा भगवान् भैषज्यगुरु वैदूर्यप्रभ तथागतको नाम सुनेका रहेछन् भने त्यो कुशलमूलको प्रभावले सबै दुःखबाट मुक्त हुनेछन् । तीक्ष्णेन्द्रिय, पण्डित, वक्ता, मेधावी र बुद्धिमानी हुनेछन् । उत्तम कार्यको खोजी गर्ने व्यक्ति भई सदा कल्याणमित्रसंग बस्ने वातावरण मिल्नेछ। मारको पाशोबाट छुटिएर अविद्यारूपी अण्डालाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फुटाउनेछन् । क्लेशरूपी नदीलाई सुकाउनेछन् । जन्म, जरा, व्याधि, मृत्युको भय, शोक, परिदेव, दुःख, दौर्मनस्य र उपायास दुःखबाट मुक्त हुनेछन् ।

हे मन्जुश्री ! फेरि, यस्ता प्राणीहरू पनि छन् जो पैशुन्य कर्ममा अभिरत हुन्छन् । तिनीहरूले प्राणीहरूबीच एक आपसमा सधैं झै-झगडा, कलह विवाद गराइरहन्छन् । ती परस्पर विसंगतिले युक्त मन भएका प्राणीहरूले अनेक प्रकारका अकुशल संस्कारका कारण सधैं काय, वाक र चित्तले पाप कर्महरू गरिरहन्छन् । त्यस्तै अरू पनि अहित हुने तथा परस्पर अनर्थ हुने कामहरू गर्नमा तल्लीन रहन्छन् । यी बाहेक तिनीहरूले वनदेवता, वृक्षदेवता, पर्वतदेवतालाई आह्वान गर्छन् । मशानमा बसी भूतप्रेतहरूलाई आह्वान गरी पूजा गर्छन् । तिर्यक योनिका प्राणीहरूलाई मार्ने काम गरिरहन्छन् । रगत पिउने र मासु खाने यक्ष राक्षसहरूको पूजा गर्छन् । आफ्नो शत्रुको नाम लिएर वा प्रतिमा बनाएर त्यसमा कुविद्याको मन्त्र फुकी कालो विद्या साधन गर्छन् । भूत बेताल-द्वारा प्राणीहरूलाई हानि पुऱ्याउने, मार्ने वा शरीर अङ्गभङ्ग पार्ने इच्छा गर्छन् र सोही अनुसार कार्य गर्दछन् । त्यस्तो अवस्थामा भगवान् भैषज्यगुरुवैदूर्यप्रभ तथागतको नाम सुनेका वा स्मरण गरेका खण्डमा प्राणीले अथाह पुण्य प्राप्त गर्नेछन् जसको फलस्वरूप उनीहरूलाई त्यस्तो कालो विद्याको असरले अलिकति पनि छुँदैन । ती सबै प्राणीहरूले एक अर्काप्रति मैत्री, परोपकारी भावनाले अभिप्रेरित भएर आफू आफूमै सन्तुष्ट भई जीवन निर्वाह गर्नेछन् ।

हे मन्जुश्री ! फेरि, भिक्षु, भिक्षुणी, उपासक तथा उपासिकाहरूको चतुष्परिषदमध्ये अत्यन्तै श्रद्धा भएका कतिपय कुलपुत्र वा कुलपुत्री यस्ता छन् जो आर्य अष्टांग शीलले युक्त भई उपवास बस्न समर्थ हुन्छन् । यसरी उपवास बसी एक वर्ष या तीन महिनासम्म शिक्षापद

CC-0. Nepal Sanskrit Academy Kathmandu Collection

धारण गर्नेहरूले यस्तो प्रणिधान गर्नु पर्छ, "हामीले यसरी आर्जन गरेको कुशलमूलको प्रभावले हामी सबै पश्चिम दिशास्थित अमिताभ बुद्ध विराजमान हुनुभएको सुखावती लोक धातुमा उत्पन्न हुन पाऔं।" पुनः भगवान भैषज्य गुरु वैदूर्यप्रभ तथागतको नाम सुनेको कारणले मृत्यु समयमा उनीहरूले आठ जना बोधिसत्त्वहरू ऋद्धिप्रातिहार्य प्रदर्शन गरी प्रकट भएको देख्नेछन् । त्यसपछि उनीहरू आफैलाई अनेक रङ्गले सुशोभित भएको कमलको फुलमाथि उत्पन्न भएको पाउँछन् । कोही प्राणीहरू देवलोकमा उत्पन्न हुनेछन् । त्यहाँ उत्पन्न भएपनि तिनीहरूका पहिलेका कुशलमूल भने क्षीण हुँदैनन् न तिनीहरू त्यहाँबाट दुर्गतिमा नै पतन हुनेछन् । त्यहाँबाट च्युत भइसकेपछि तिनीहरू मनुष्य लोकमा फेरि उत्पन्न भएर चार द्वीपहरूको स्वामीका रूपमा चक्रवर्ती राजा बन्नेछन् । त्यसपछि हजारौं लाखौं करोडौं प्राणीहरूलाई दश कुशलमूलको कर्मपथमा स्थापित गर्नेछन् । तिनीहरू फेरि क्षेत्रीय महाशालकुल, ब्राह्मण महाशालकुल, धन धान्य र कोष्ठागारको संवृद्धि हुने कुलमा जन्म लिन पुग्नेछन् । रूप, ऐश्वर्य तथा परिवार सम्पन्न हुनेछन् । भगवान भैषज्य गुरु वैदूर्यप्रभ तथागतको नाम सुनेर धारण गर्ने स्त्रीले भावी जन्महरूमा कहिलेपनि स्त्री भई जन्म लिनु पर्ने छैन ।

त्यसपछि मञ्जुश्री कुमारभूत बोधिसत्त्वले भगवान बुद्धलाई भन्नुभयो, "भो भगवान ! भविष्यको पछिल्लो कालखण्डमा म श्रद्धावान कुलपुत्र वा कुलपुत्रीलाई भगवान् भैषज्यगुरु वैदूर्यप्रभ तथागतको नाम सुनाउँनेछु। प्राणीहरूले सपनामा पनि भैषज्य तथागतको नाम सुन्ने पारिदिन्छु । उनीहरूले यो सूत्रराजलाई धारण गर्छन्, वाचन गर्छन्, देशना गर्छन्, सारांशपूर्वक भन्छन्, अरूलाई विस्तारपूर्वक प्रकाश गर्छन्, आफू पनि लेख्छन् र अरूलाई पनि लेखाउँछन्, पुस्तक बनाई सम्मानपूर्वक राख्छन्, अनेक प्रकारले पुष्प, धूप, गन्ध, फूलमालाका साथै ध्वजापताकाले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिंगार्छन्, पञ्चरंगको वस्त्रले बेरेर शुद्ध स्थानमा स्थापना गर्छन्। जहाँ यो सूत्रलाई सम्मानपूर्वक राखिन्छ, त्यो स्थानमा चतुर्महाराजिक देवता सपरिवार र अरू हजारौं लाखौं करोडौं देवता आएर सुरक्षा प्रदान गर्नेछन्। त्यो स्थानमा उक्त सूत्रको व्यापक प्रचार प्रसार हुनेछ। भो भगवान्, ती देवहरूले पनि यो सूत्ररत्नलाई प्रकाश गरिदिनेछन्। भगवान् भैषज्य गुरु वैदूर्यप्रभ तथागतको पहिलेका विशेष प्रणिधानहरूको आनुभावले जसले उहाँको नाम धारण गर्छ, तिनको असामयिक निधन हुनेछैन। तिनको शरीरबाट तेज विलाएर जानेछैन। विलाएर गए तापनि फेरि फर्कने छ।

भगवान् बुद्धले भन्नुभयो, "हे मञ्जुश्री ! ठीक भन्यौ, तिमीले भनेजस्तै नै हो। हे मञ्जुश्री ! कोही श्रद्धावान कुलपुत्र वा कुलपुत्रीले भैषज्य तथागतको पूजा गर्न चाहन्छ भने उहाँको प्रतिमा बनाई सात दिन र सात रातसम्म उपवास बस्नुपर्छ र आर्य अष्टांगशीलले युक्त भई उपोषध व्रत बस्नु पर्छ। शुचिनियम राम्ररी पालना गरी, शुद्ध आहार ग्रहण गरेर, धेरै फूलहरू चढाएर, अनेक सुगन्धित श्रीखण्डयुक्त धूप बालेर, नाना वस्त्र, छत्र र ध्वजापताकाले शोभायमान पारेर, क्लेश रहित शुद्ध मनले समस्त प्राणीहरूप्रति चतुब्रह्मविहारले युक्त भएर समता भावमा रहनुपर्छ ; अनेक प्रकारका बाजाहरू जस्तै तूर्य बाजा बजाएर भजन कीर्तन गर्दै भैषज्य तथागतको प्रतिमालाई प्रदक्षिणा गरी प्रणाम गर्नुपर्छ। उहाँले गर्नु भएका पूर्व प्रणिधानहरूलाई हृदयङ्गम गर्नुपर्छ ; यो सूत्रको वर्णन व्याख्यासहित सुनाउनु पर्छ ; जसले यसलाई आफ्नो चेतनामा स्थापित गरेर प्रार्थना गर्छ, उसका सम्पूर्ण अभिप्रायहरू परिपूर्ण हुनेछन्। दीर्घ आयुको कामना गरेमा आयु बढ्ने छ। सुखभोगको इच्छा गरेमा संवृद्धि, ऐश्वर्य र सुख लाभ हुनेछ। पुत्रको इच्छा राखेमा सुपुत्र लाभ हुनेछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यदि पाप गरेकाहरूले नराम्रा सपनाहरू देखिराख्दछन्, वा कागको उपस्थितिले आफूलाई अनिष्ट हुने संकेत देखाउँछ वा त्यस्ता सयौं अपसकुनका संकेतहरू देखापरिरहन्छन् भने तिनीहरूले भगवान भैषज्यगुरु वैदूर्यप्रभ तथागतको पूजा गरिदिनुपर्छ जसको फलस्वरूप सबै नराम्रा सपना र अमंगलकारी अनिमित्त लक्षण देखाउने सबै भावहरू स्वत: शान्त भएर जानेछन् । जसलाई आगो, पानी, विष, हतियार, मात्तिएको हात्ती, सिंह, बाघ, भालु, जंगली हुंडार, विषालु सर्प, बिच्छी, खजुरो, लामखुट्टे आदिको भय हुन्छ तिनले पनि भगवान् भैषज्य गुरु वैदूर्यप्रभ तथागतको पूजा गर्नुपर्छ जसको फलस्वरूप सम्पूर्ण भय हटेर जानेछन् । चोर र डाँकाको भय हुनेहरूले पनि भगवान भैषज्यगुरु वैदूर्यप्रभ तथागत-को पूजा गरिदिएको खण्डमा ती सम्पूर्ण भयबाट मुक्ति पाइन्छ ।

हे मञ्जुश्री ! फेरि, कोही कुलपुत्र वा कुलपुत्री यस्ता पनि छन् जो जीवनभरी त्रिरत्नको शरणमा गएका हुन्छन् । पञ्चशील पालना गरेका कोही देवताहरू यस्ता पनि छन् जसले बोधिसत्त्वसंवरको चार सय शिक्षापद धारण गरिराख्दछन् । फेरि कोही कोही गृहस्थीहरू घरबार सबथोकको त्याग गरेर प्रव्रजित भई भिक्षु बन्छन् र २५० प्रातिमोक्ष शीलहरू पालना गर्छन । भिक्षुणीहरूले पाँच सय शीलहरूको पालना गर्छन् । एउटा दुईटा शील बिग्रंदा प्राणीहरूको मनमा दुर्गतिमा पर्ला भन्ने भय रहिरहन्छ भने त्यस्तो अवस्थामा भगवान भैषज्यगुरु वैदूर्यप्रभ तथागतको नाम स्मरण एवं धारण गर्नुपर्छ जसको फलस्वरूप तिनीहरूले तीन प्रकारका दुर्गतिको दु:ख भोग्नुपर्ला भनी नचिताए पनि हुन्छ । कुनै स्त्रीले प्रसव वेदना हुँदा अत्यन्तै ठूलो व्यथा र दु:ख भोलिरहेकी हुन्छिन्, त्यस्तो अवस्थामा भगवान भैषज्य गुरु वैदूर्यप्रभ तथागतको नाम स्मरण गर्नाले वा पूजा गर्नाले उनी सहज एवं सुखपूर्वक सुत्केरी हुनेछिन् र सम्पूर्ण अंगले परिपूर्ण भएको, तीक्ष्ण इन्द्रियले युक्त, बुद्धिमान एवं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रूपवान सुपुत्रलाई जन्माउनेछिन्। त्यो पुत्र दीर्घायु तथा निरोगी हुनेछ र अमनुष्यले कुमन्त्रद्वारा उसको शरीरको ओज हरण गर्न सक्नेछैन।

त्यसपछि भगवान बुद्धले आयुष्मान आनन्दलाई सम्बोधन गर्दै भन्नुभयो, "हे आनन्द ! मैले भैषज्यगुरु वैदूर्यप्रभ तथागत अर्हत् सम्यक् सम्बुद्धका गुणहरूको बारेमा व्याख्या गर्दा तिमी श्रद्धा वा विश्वास गर्छौ कि गर्दैनौ ? तथागतको गम्भीर गोचरमा अझै तिमीमा शंका उपशंका त छैन वा त्यसलाई तिमीले अन्यथा त लिइरहेका छैनौ ? अनि आयुष्मान आनन्दले भगवान बुद्धलाई जवाफ दिनुभयो, "भो भदन्त भगवान् ! यहाँ तथागतबाट आज्ञा भएको यो सूत्रको बारेमा मैले शंका वा विमति उत्पन्न गर्ने कुनैपनि ठाउँ छैन। किन ? किनभने तथागतको काय, वाक र चित्त-द्वारा कुनै पनि अशुद्ध चर्या वा आचरण हुन सक्दैन। भो भगवान ! यी दुई महान शक्तिशाली चन्द्र र सूर्यहरू बरु पृथ्वीमा खस्न सक्लान्, त्यो महान सुमेरू पर्वतराज आफ्नो स्थानबाट हल्लिन सक्ला तर बुद्धको वचन अन्यथा हुँदैन। किनभने हे भदन्त ! यहाँ श्रद्धेन्द्रिय विकल भएका त्यस्ता प्राणीहरू पनि छन् जसले यो गम्भीर बुद्धगोचरको बारेमा सुनेर यस्तो बोल्छन्, "उहाँ तथागतको नाम सुनेर मात्र कसरी उहाँको गुणा-नुशंसा हुन्छ र ? त्यसैले तिनीहरूले श्रद्धा राख्दैनन्, विश्वास गर्दैनन्, र उल्टो आक्षेप नै गरिरहन्छन्। त्यस्तो भएको खण्डमा यिनीहरूले पूरै लामो रात सुख नपाई दुःखले छटपटिएर काट्नुपर्नेछन् र पछि दुर्गतिमा पतन हुनेछ। भगवान बुद्धले भन्नुभयो, "हे आनन्द ! यो असम्भव छ। भगवान् भैषज्यगुरु वैदूर्यप्रभ तथागतको नाम ग्रहण गर्ने प्राणी नरकमा पतन हुने त प्रश्नै उठदैन। यस्तो कुरा हुनै सक्दैन। हे आनन्द ! बुद्धको गोचरमा श्रद्धा राख्नु अत्यन्तै गाह्रो छ। हे आनन्द ! उहाँ तथागतको अनुभावले गर्दा नै तिमीले तथागतको गोचरमा श्रद्धा राख्न सकिराखेका छौ भनी बुझ्नुपर्छ। एक जन्म मात्र लिन बाँकी अवैवर्तिक बोधिसत्त्व

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महासत्त्वहरूलाई बाहेक सबै श्रावक तथा प्रत्येकबुद्धहरूलाई पनि बुद्ध-गोचरको ज्ञानमा स्थान छैन । हे आनन्द ! मनुष्य जन्म पाउनु अति दुर्लभ छ । त्रिरत्नप्रति श्रद्धा राख्नु पनि दुर्लभ छ । यसका साथै तथागतको नाम सुन्न पाउनु पनि दुर्लभै छ। हे आनन्द ! भगवान भैषज्य गुरु वैदूर्य प्रभ तथागतका बोधिचर्याहरू अप्रमाण छन्, उपायकौशल्य पनि अप्रमाण नै छन् । उहाँका विशेष विस्तृत प्रणिधानका कुराहरू सुन्न पाउनु पनि दुर्लभ छ । हे आनन्द ! भैषज्य तथागतका अपरम्पार बोधिसत्त्व चर्याहरूको बारे म कल्पौसम्म वा कल्पको शेषसम्म पनि विश्लेषणात्मक व्याख्या गरिरहन चाहन्छु । तर, हे आनन्द ! कल्प बरु सकिएर जाँला तर भगवान भैषज्यगुरु वैदूर्यप्रभ तथागतको विशेष एवं विस्तृत पूर्व प्रणिधानको बयान तबसम्म पनि सकिनेछैन ।

फेरि, त्यस बेला त्यही सभामा 'त्राणमुक्त' नाम गरेका बोधिसत्त्व महासत्त्वको पनि उपस्थिति थियो । उहाँले आफ्नो आसनबाट उठी उत्त-रासंगलाई एकातिर पारेर दाहिने घुँडा पृथ्वीमा टेक्दै अञ्जलिबद्ध भै भगवानलाई नमस्कार गरेर भन्नुभयो, "भो भदन्त भगवान् ! भविष्यमा वा कालान्तरमा प्राणीहरू नानाथरीका रोगले पीडित भई लामो समयसम्म थला परिरहनेछन् । शरीर दुब्लो भएर गई मनमा पनि ग्लानि भाव उत्पन्न हुनेछ। घाँटी, ओँठ र मुख सुकेर मरणान्त अवस्थामा पुगिसकेपछि सबै ज्ञानी इष्टमित्र, आफन्त, परिवार तथा बन्धुहरू चारैतर्फ विलाप गर्दै रोइरहनेछन् । यमदूतहरू आएर आफूलाई तानेर लगेको बेला सबै दिशामा अन्धकार छाएको देख्नेछन् । आफू ओछ्यानमा रोगले ग्रसित भई थला परिराखेका बेला यमदूतले आफ्नो प्राण (आलयविज्ञान) लाई तानेर धर्मराज यमदेवकहाँ लग्दै गरेको देख्नेछन् । सबै सत्त्वहरूमा एउटा यस्तो सहज विज्ञान (आलय विज्ञान) हुन्छ जसमा आफूले गरेका पुण्य वा पापका सबै अभिलेखहरू राम्ररी लेखिएर राखिएका हुन्छन् । ती

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेखलाई यमराजको सामु पेश गरिन्छ। तिनै दस्तावेजका आधारमा त्यस वखत यमराजले दूतहरूलाई आदेश दिँदै सोध्छन्, "हे दूत ! त्यो पुरुषको कुशल अकुशल कति छ राम्ररी गनेर भन्नू।" सो आज्ञाको यमदूतले पालन गर्दछन्। त्यस अवस्थामा यदि मृतकका मित्र तथा परिवारजनले शोक र आतुरतालाई शमन गर्नका निमित्त निजको नाममा भगवान भैषज्यगुरु वैदूर्यप्रभ तथागतको शरणमा जान्छन्, उहाँको पूजा आराधना गर्छन् भने पूजा गरिएको स्थानमा मृतकको विज्ञान फेरि शरीरमै फकिनेछ र उसलाई अघि घटेका सबै घटनाहरू सबै सपना जस्तै लाग्नेछ। यदि ७, २१, ३५ वा ४९ दिनभित्र उक्त मृतकको विज्ञान फेरि फर्केमा उसलाई सबैको सम्झना आउनेछ। आफूले गरेका कुशल तथा अकुशल कर्म र तिनका फल समेत ऊ आफैले प्रत्यक्षरूपमा देख्नेछ। यसरी सबै जानिबुझिसकेपछि उसले त्यसबेलादेखि उप्रान्त मनुष्यजन्ममा अकुशल वा पाप कर्म कदापि गर्ने छैन। त्यसकारण कुलपुत्र वा कुलपुत्रीले भगवान भैषज्यगुरु वैदूर्यप्रभ तथागतको श्रद्धापूर्वक पूजा गर्नुपर्छ।

त्यसपछि आयुष्मान् आनन्दले त्राणमुक्त बोधिसत्त्वलाई भन्नुभयो, "हे कुलपुत्र ! भगवान भैषज्य तथागतको पूजा कसरी गर्नु पर्छ त ?"

त्राणमुक्त बोधिसत्त्वले उत्तर दिनुभयो, "हे भदन्त आनन्द ! ठूलो रोग लागेका प्राणीहरूको रोग निको पार्नु छ भने तिनीहरूको नाममा सात दिनसम्म आर्य अष्ट शीलले युक्त भई उपवास व्रत बस्नुपर्छ; भिक्षुसंघलाई आफ्नो क्षमताले भ्याएसम्म सम्पूर्ण पूजा सामग्री, सर-सामानको बन्दोवस्त गरेर खाद्य भोजन दान गरी पूजा गर्नुपर्छ।

भगवान् भैषज्य गुरु वैदूर्यप्रभ तथागतको नाम जप्दै दिनको तीन पटक र रातको तीन पटक मनमनै भावना पनि गर्नुपर्छ। ४९ दिनसम्म भगवान् भैषज्य गुरु वैदूर्यप्रभ तथागतको सूत्रलाई पाठ गरिरहनुपर्छ;

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४९ वटा दीपहरू बाल्नु पर्छ ; हरेक प्रतिमाअगाडि ७/७ वटा दीप वत्तीहरू बाल्नु पर्छ। यसरी भैषज्य तथागतको सातवटा प्रतिमा बनाउनु पर्छ। हरेक दीपबत्ती रथका पाङ्ग्रा जस्तै फराकिला तथा बाटुला हुनेगरी बनाइनुपर्छ। यदि ४९ दिनसम्म पनि बत्ती अलिकति पनि धिपधिप नगरी त्यत्तिकै ज्योति फिँजाउदै बलिरह्यो भने सबै संपदहरू पूर्ण भएको जान्नुपर्छ र पाँच रङ्गका पताकाहरू ४९ वटा भन्दा बढी बनाएर सजाउनु पर्छ।

फेरी, "हे भदन्त आनन्द ! विभिन्न उपद्रवहरू र स्थानच्यूति जस्ता संकटहरू आइलागेका, रोगले पीडित, स्वचक्री वा परचक्री जस्ता दुःखहरू भोगिराखेका, नक्षत्रहरू, चन्द्र र सूर्य ग्रहको दशाले पीडित, असामयिक वायु र वर्षाका कारण दुःख भोगिरहेका, ग्रहदशाको उपस्थितिले अमंगल भइराखेका, वा संक्रामक रोग तथा अनेक आपद-विपद्ले सताइराखेका राज्याभिषेक प्राप्त क्षेत्रीय राजाले सबै सत्त्वउपर मैत्री चित्त राख्न सक्नुपर्छ ; बन्धनमा परेकालाई मुक्त गरिदिनुपर्छ ; भगवान् भैषज्यगुरुवैदूर्यप्रभ तथागतको माथि वर्णन गरिए अनुसार पूजा गर्नु पर्छ। यी सब कुशलमूलको प्रभावले र भगवान भैषज्य गुरु वैदूर्यप्रभ तथागतको विशेष पूर्व प्रणिधानको अनुभावले ती मूर्धाभिषिक्त क्षेत्रीय राजाका सबै दुर्दशाहरू शान्त भएर जानेछन् र देशमा सुभिक्ष हुनेछ ; उचित समयमा सन्तुलितरूपले हावा चल्न थाल्छ, देशमा यथोचित वर्षा भई अनेक धानबाली इत्यादिको चाहिँदो मात्रामा उब्जाउ हुनेछ ; सबैले निरोगी र सुखी भई अत्यन्तै आनन्दमय तथा सुखद जीवन यापन गर्न सक्नेछन्। त्यस ठाउँमा दुष्ट भूत, राक्षस, प्रेत पिशाचहरू प्राणीहरूलाई दुःख दिन वा सताउन आउनेछैनन्। नराम्रा र अशुभ लक्षणहरू सबै लुप्त भएर जानेछन्। अनि त्यस्ता मूर्धाभिषिक्त क्षेत्रीय राजाको आयु, वर्ण, बल, आरोग्य तथा ऐश्वर्यको पनि अभिवृद्धि हुनेछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसपछि, आयुष्मान् आनन्दले त्राणमुक्त बोधिसत्त्वलाई भन्नुभयो, "हे कुलपुत्र ! क्षीण भइसकेको आयुलाई फेरी कसरी बढाउन सकिन्छ ?" त्राणमुक्त बोधिसत्त्वले भन्नुभयो, "हे भदन्त आनन्द ! निश्चय नै तथागतले नौ प्रकारका अकाल मृत्यु छन् भनी भन्नुभएको छ जुन तपाईले पनि सुन्नुभएकै होला । ती अकाल मृत्युहरूलाई प्रतिरोध गर्ने वा पन्छाउने मन्त्र औषधिका बारेमा पनि बताउनुभएको छ। रोग व्याधिले छटपटिएका प्राणीहरू औषधिमूलो उपचार पाउन नसकेका र उपचार गरिदिने भैषज्य उपचारक (वैद्य) नपाएका कारणले आफ्नो रोग निको हुनको साटो झन झन गम्भीर बन्दै गइराखेको हुन्छ। वैद्य पाइए तापनि पनि उसले गलत औषधि दिनसक्छ, फलस्वरूप उनीहरूको अकाल मृत्यु हुनपुग्छ। यो पहिलो अकाल मृत्यु हो। राजदण्डस्वरूप फांसीको सँजाय पाएकाहरूको पनि अकाल मृत्यु नै हुन्छ। यो दोश्रो अकाल मृत्यु हो। अत्यन्त घमण्डी भई वा अभिमानले चूर चूर भई जथाभावी गर्दै हिड्ने प्राणीको शरीर-को तेज घट्दै गएर अन्ततोगत्वा मृत्यु हुनपुग्छ। यो तेश्रो अकाल मृत्यु हो। आफैलाई अग्निदाह गरी आत्महत्या गर्नु चौथो अकाल मृत्यु हो। पानीमा डुबेर आकस्मिकरूपमा वा स्वयं नै डुबेर मर्छ भने त्यो पाँचौ अकाल मृत्यु हो। सिंह, बाघ र चितुवाका शिकार हुने गरेका मृगहरूको वथानमा बस्दा हिंसक जन्तुले आफूलाई पनि मारेर खान सक्छ। यो छैटौं अकाल मृत्यु हो। भीर, पर्वतबाट तल खसेर पनि मर्नु सातौं अकाल मृत्यु हो। विष खाएर वा विषको प्रयोग गरेर, भूत, प्रेत पिशाचको छुवाइले वा त्यसरी छुने साधनको प्रयोग गरी कोही मान्छे मर्छ भने त्यो आठौं अकाल मृत्यु हो। कुनै प्राणी भोक प्यासले पीडित भई वा खान पिउन नपाई अत्यन्तै दुःख भोगी मर्छ भने त्यो नवौं अकाल मरण हो। संक्षेपमा यी सबै अकाल मरणहरू हुन् भनी तथागतले भन्नुभएको छ। अकाल मृत्यु हुने अरू पनि असीम कारणहरू छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यहाँ परिषदमा १२ जना महायक्ष सेनापतिहरू उपस्थित थिए। तिनीहरूका नाम हुन् :- किंभीरो, वज्र, मेखिलो, अन्तिलो, अनिलो, सण्ठिलो, इन्दलो, पायिलो, महालो, चिदालो, चौन्धुलो र विकलो। ती १२ जना यक्ष सेनापतिहरू र हरेकका आफ्ना अनुचर र तिनीहरूको परिवारका सदस्यहरू समेतले एकै स्वर पारी भगवान बुद्धलाई भन्नुभयो, "हामीले पनि भगवान बुद्धको अनुभावले भगवान भैषज्य गुरु वैदूर्यप्रभ तथागतको नाम सुन्न पाएका छौं। तसर्थ हामीहरूलाई दुर्गतिको भय छैन। हामी र अरू सत्त्वहरू पनि सबै बाँचुन्जेल बुद्धको शरणमा जान्छौं, धर्मको शरणमा जान्छौं, संघको शरणमा जान्छौं र तमाम प्राणीहरूलाई हित र सुख दिने अभिलाषा राख्दछौं। जसले यो विशेष सूत्र अर्थात भैषज्यगुरु वैदूर्य प्रभराज तथागतको सूत्र गाउँ, नगर, जनपद तथा वन जंगलमा गई प्रचार प्रसार गर्छ अथवा जसले भगवान भैषज्य गुरु वैदूर्यप्रभ तथागतको नाम पाठ गरी मनमा धारण गरिराख्छ र पूजा आराधना गर्छ, त्यस्तो व्यक्तिको हामी रक्षा गर्नेछौं, परिपालन गर्नेछौं ; सबै प्रकारका अमंगलकारी कुराहरूबाट बचाउंनेछौं, मनका सबै आशा आकांक्षाहरूलाई पुरा गर्नेछौं।

त्यसपछि भगवान् बुद्धले ती यक्ष सेनापतिहरूलाई साधुवाद दिँदै भन्नुभयो, "साधु ! साधु ! हे महायक्ष सेनापतिहरू, तिमीहरूले जुन भगवान् भैषज्यगुरुवैदूर्यप्रभ तथागतप्रति कृतज्ञ भई उहाँको नाम स्मरण गरिरहेका सबै प्राणीहरूलाई हित र सुख प्रदान गर्ने प्रतिज्ञा गर्‍यौ, त्यो साँच्चिकै सराहनीय छ।

त्यसपछि आयुष्मान् आनन्दले भगवान बुद्धलाई सोध्नुभयो, "भो भगवान् ! यो धर्मपर्यायको नाम के होला ? मैले त्यसलाई कसरी धारण गर्नुपर्छ ?" भगवान बुद्धले भन्नुभयो, "हे आनन्द ! यो धर्मपर्यायलाई भैषज्यगुरुवैदूर्यप्रभतथागतको पूर्व प्रणिधान विशेष विस्तरको नामले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धारण गर्नू । बाऱ्ह जना महायक्ष सेनापतिहरूको नामले पनि धारण गरे हुन्छ ।

भगवान बुद्धले भन्नुभएको यस्तो वृत्तान्त सुनेर मञ्जुश्री कुमारभूत बोधिसत्त्व, आयुष्मान आनन्द, त्राणमुक्त बोधिसत्त्व र अरू सबै बोधि-सत्त्वहरूका साथै महाश्रावकहरू तथा राजा, मन्त्री, ब्राह्मण तथा गृहपतिहरू लगायत सम्पूर्ण सभामा बसिरहेका सबै आश्चर्यचकित एवं आनन्दित भए । देव, मनुष्य, असुर, गन्धर्व आदि सबै लोकजनहरूले भगवान् बुद्धको वचनलाई अभिनन्दन गर्दै नमस्कार गरे ।

।। आर्यभैषज्यगुरुवैदूर्यप्रभराज नाम महायानसूत्रम् ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नागार्जुन बौद्ध अध्ययन संस्थानका प्रकाशनहरू

१. त्रिशरणगमन

२. आर्य अमोघपाश हृदय सूत्र

३. आर्य मञ्जुश्री नामसङ्गीति

४. अतिशा र उहाँका उपदेश

५. आर्य गुणकारण्डव्यूह सूत्र

६. लांग्री थाङ्पाकृत अष्टश्लोकी मतिशोधन अभ्यास

७. बोधिचित्तोत्पाद

८. पद्मसम्भवको जीवनी तथा मुक्ति

९. मातापितागुणप्रत्युपकार सूत्र

१०. आर्य उपायकौशल्यनाम महायान सूत्र

११. समन्तभद्रचर्या प्रणिधान

१२. आर्य क्षितिगर्भ बोधिसत्त्व प्रणिधान सूत्र

१३. स्वयम्भू पूराण

१४. वज्रच्छेदिका प्रज्ञापारमिता सूत्र

१५. सुखावतीव्यूह सूत्र

१६. अमितायुर्ध्यान सूत्र

१७. मञ्जुश्रीबुद्धक्षेत्रगुणव्यूहालंकार सूत्र

१८. अष्टोत्तरशतनाम तारा स्तोत्र

१९. पञ्चरक्षा सूत्र

२०. अक्षोभ्य बुद्धक्षेत्र गुणव्यूहालंकार नाम महायान सूत्र

२१. भैषज्यगुरु वैदूर्यप्रभराज सूत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection